धुलिखेल नगरपालिका
Dhulikhel Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal executive
धुलिखेल,काभ्रेपलाञ्चोक
Dhulikhel,Kavrepalanchok

धुलिखेल नगरपालिका
(DHULIKHEL MUNICIPALITY)
फोननं:०११४९०३२४,४९०७२४
फ्याक्स नं :९७७-११४९००२९
बागमती प्रदेश,नेपाल


प. सं: ०८२/८३
च.नः २०४६

मितिः २०८२।१२।०१

ने.सं.:११४६, चिल्लागा, एकादशी, आइतवार

**विषय: शिक्षक पदपूर्तिका लागि दरखास्त आह्वान गरिएको सम्बन्धमा।**

सरोकारवाला सम्बन्धित सबै

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गतका देहायको विद्यालयहरुमा रिक्त रहेको तपसिलको पद खुल्ला प्रतियोगितात्मक परीक्षाको माध्यमद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट आफ्नो शैक्षिक योग्यताका प्रमाणपत्र, अध्यापन अनुमति पत्र र माग गरिएको कागजात संलग्न राखी सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कार्यालय समयमा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा यसै साथ संलग्न ढाँचाको आवेदन फाराम भरी निवेदन पेश गर्नुहुन नगरपालिका कार्यालयको मिति २०८२।११।२८ को निर्णयानुसार दर्खास्त आह्वान गरिएको छ।

**तपसिल**

१. **विज्ञापनहरु**

**क. विज्ञापन नः ३/०८२/८३**

- पद संख्याः १ एक
- पद, तह र श्रेणीः गणित शिक्षक, माध्यमिक , संघीय शिक्षण सहयोग अनुदान।
- शिक्षण गर्ने विषय र तहः गणित, माध्यमिक (विद्यालयको आवश्यकता अनुसार सबै तह)
- काम गर्ने विद्यालयः श्री कालिका माध्यमिक विद्यालय शारदा बतासे, धुनपा १०
- तलव स्केलः नेपाल सरकारबाट माध्यमिक शिक्षण सहयोग अनुदानको लागि प्राप्त अनुदानले तोकेको नियमानुसारको तलब भत्ता
- दरखास्त दिने मितिः२०८२।१२।०१ देखि २०८२।१२।१५ सम्म
- आवेदन दस्तुरः १५००।-(रु पन्ध्रसय मात्र)

**ख. विज्ञापन न: ४/०८२/८३**

- विद्यालयः श्री सञ्जीवनी माध्यमिक विद्यालय धुलिखेल धुनपा ७
- पद संख्याः १ एक
- पद, श्रेणीः सहायक प्रशिक्षक
- तहः निम्न माध्यमिक सरह
- विषयः प्राविधिक धार सिभिल इञ्जिनियरिङ

धुलिखेल नगरपालिका (DHULIKHEL MUNICIPALITY)
फोननं:०११४९०३२४,४९०७२४
फ्याक्स नं :९७७-११४९००२९
बागमती प्रदेश,नेपाल

प. सं: ०८२/८३
च.नः २०५६

- शिक्षण गर्नुपर्ने मुख्य विषय र तहः प्राविधिक धार अन्तर्गत सिभिल इन्जिनियरिङका विषयहरु माध्यमिक तहसम्म (विद्यालयको आवश्यकता अनुसार सबै तह)
- तलव स्केलः नेपाल सरकारबाट सहायक प्रशिक्षक (निम्न माध्यमिक तह) को लागि तोकेको नियमानुसारको तलब भत्ता।
- दरखास्त दिने मितिः २०८२।१२।०१ देखि २०८२।१२।१५ सम्म
- आवेदन दस्तुरः ९००।-(रु नौ सय मात्र)

**२. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम शैक्षिक योग्यता, अन्य प्रमाणपत्रहरु र उमेरको हदः**

**क) न्यूनतम शैक्षिक योग्यता:**

विज्ञापन नं ३/०८२-८३ को गणित शिक्षक, माध्यमिक, संघीय शिक्षण सहयोग अनुदान श्री कालिका मावि शारदा बतासेको शिक्षक पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय गणित लिइ कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेकोवा विज्ञान विषय अध्ययन गरी गणितको थप २०० पूर्णाङ्क अध्ययन गरी उतीर्ण गरेको (विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।),

- अध्यापन अनुमति पत्रः माध्यमिक तहको अध्यापन अनुमति पत्र
- नेपाली नागरिकताको प्रमाणपत्र,
- दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पूरा भै ४० वर्ष ननाघेको हुनुपर्ने।
- शिक्षक सेवा अयोग नियमावली, २०५७ (संशोधन सहित) को नियम १० बमोजिम अयोग्य नभएको।
- पाठ्यक्रमः शिक्षक सेवा आयोगले तोकेको माध्यमिक तहको विषयगत नयाँ पाठ्यक्रम अनुसार प्रतियोगितात्मक परीक्षा हुनेछ (उक्त पाठ्यक्रम शिक्षक सेवा आयोगको वेबसाइट tsc.gov.np बाट डाउनलोड गर्न सकिने छ।
- दरखास्त दिने स्थानः धुलिखेल नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा स्वयम् उम्मेद्वार उपस्थित भइ डाउनलोड गरेर भरिएको दरखास्त फाराम र कागजात संलग्न गरेको फाइल बुझाउनु पर्ने।

**ख) न्यूनतम शैक्षिक योग्यता:**

विज्ञापन नं ४/०८२-८३ को प्राविधिक धार सिभिल इञ्जिनियरिङ (निम्न माध्यमिक सरह) श्री सञ्जीवनी माध्यमिक विद्यालय धुलिखेल धुनपा ७ को शिक्षक पदका लागि मान्यता न्युनतम शैक्षिक योग्यताः सिभिल इञ्जिनियरिङ विषय लिइ कम्तिमा डिप्लोमा CTEVT वा कक्षा १२ वा सो सरह उतीर्ण।

- नेपाली नागरिकताको प्रमाणपत्र

धुलिखेल नगरपालिका
Dhulikhel Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal executive
धुलिखेल,काभ्रेपलाञ्चोक
Dhulikhel,Kavrepalanchok

प. सं: ०८२/८३
च.नः २०४६

फोननं:०११४९०३२४,४९०७२४
फ्याक्स नं :९७७-११४९००२९
बागमती प्रदेश,नेपाल

- ICT सम्बन्धी तालिम लिएको र डिजिटल पद्धतिबाट शिक्षण गर्नका लागि आवश्यक पर्ने कम्प्युटर सम्बन्धी ज्ञान भएको।
- दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको हुनुपर्ने।
- शिक्षक सेवा अयोग नियमावली, २०५७ (संशोधन सहित) को नियम १० बमोजिम अयोग्य नभएको।
- सहायक प्रशिक्षक प्राविधिक धारको पाठ्यक्रम:
  (क) माध्यमिक तहको सिभिल इञ्जिनियरिङ विषयको पाठ्यक्रमको ज्ञान वापत ४० अङ्क
  (ख) न्युनतम शैक्षिक (डिप्लोमा CTEVT वा कक्षा १२) योग्यताको ज्ञान वपत ३५ अङ्क
  (ग) पेडागोजी सम्बन्धी ज्ञान वापत १५ अङ्क
  (घ) शिक्षासँग सम्बन्धित प्रचलित कानुन (संविधानमा शिक्षा शिक्षा ऐन नियमावली शिक्षकको आचारसंहिता आदि) १० अङ्क।
- दरखास्त दिने स्थान: धुलिखेल नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा स्वयम् उम्मेद्वार उपस्थित भइ डाउनलोड गरेर भरिएको दरखास्त फाराम र कागजात संलग्न गरेको फाइल बुझाउनु पर्ने।

**३. परीक्षाको किसिम:**

(क) शिक्षण सहयोग अनुदानको हकमा शिक्षक सेवा आयोगको हालसालैको करार सूचिका उम्मेद्वारले आवेदन दिएको खण्डमा योग्यताक्रमका आधारमा पहिलो योग्यताक्रमका उम्मेद्वारलाई करार सम्झौता गरी कामकाजमा लगाइने तर करार सूचिका उम्मेद्वारहरुको आवेदन नपरेको खण्डमा खुल्ला उम्मेद्वारहरुको हकमा (क) लिखित परीक्षा (ख) अन्तर्वार्ता (ग) आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा हुन सक्नेछ।

(ख) सिभिल इञ्जिनियरिङको हकमा (क) लिखित परीक्षा (ख) अन्तर्वार्ता (ग) आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा हुन सक्नेछ।

**४. लिखित परीक्षा हुने मिति र स्थान:** दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट फोन तथा इमेल मार्फत सूचित गरिनेछ तसर्थ फाराममा आफ्नो इमेल स्पष्ट बुझिने गरी अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

**५. उम्मेदवारले अनिवार्य रूपले पेश गर्नुपर्ने कागजातहरू :**

- न्यूतम शैक्षिक योग्यताका प्रमाण पत्रको (उम्मेदवार आफैले प्रमाणित गरेको) प्रतिलिपिहरु
- नेपाली नागरिकताका प्रमाण पत्रको प्रतिलिपि
- अध्यापन अनुमति पत्र (माध्यमिक तह) को प्रतिलिपि (सङ्घिय अनुदानको हकमा मात्र)

............ १।२१।१

डिकबहादुर राई
उपसचिव